
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



# पोखरापत्र
राष्ट्रिय दैनिक
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ जेठ १५ गते आइतबार ❑ 29 May 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## नेपाली भूमिको रक्षा गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री

**रासस**
**काठमाडौं, १४ जेठ**

प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली भूमिको रक्षा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको शनिबारको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि सांसदहरूले उठाउनुभएको प्रश्नको जवाफ दिँदै उहाँले लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपाली भूमि हो भन्नेमा सरकार स्पष्ट रहेको बताउनुभयो।

भूमिसम्बन्धी विषय संवेदनशील हो वार्ता र कूटनीतिक माध्यमबाट समाधान हुनुपर्छ भन्ने आफूहरूको मान्यता रहेको उल्लेख गर्दै उहाँले यसअनुरुप नेपालको भूमि फिर्ता ल्याउने कूटनीतिक प्रयास जारी रहेको बताउनुभयो। सीमासम्बन्धी विषयलाई नीति तथा कार्यक्रममा उचित स्थान दिइएको उहाँको भनाइ छ । नेपाल-भारत सम्बन्ध बहुआयामिक रहेको र सहयोगको क्षेत्र विविध र व्यापक रहेको जनाउँदै उहाँले ऊर्जा क्षेत्रमा सहकार्य गर्ने विषयमा द्विपक्षीय सम्बन्ध महत्वपूर्ण आयामका रूपमा रहेको बताउनुभयो। नेपालको भू-बनोटका कारण नेपालमा उत्पादित बिजुली सहज बजार भारत हुने भएकाले यसै पृष्ठभूमिमा नेपाल र भारतबीच ऊर्जा व्यापार सम्झौता भएको बताउनुभयो । भारतसँगै दक्षिण एसियाका अन्य मुलुकमा पनि ऊर्जा व्यापारको पहल भइरहेको जनाउँदै प्रधानमन्त्री देउवाले नेपालमा बढी भएको बिजुली भारतमा बिक्री गर्ने र भारतबाट पनि आयात गर्न सक्ने गरी सम्झौता गरिएको बताउनभयो।



नेपाल-भारत प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदन तीन वर्षअघि नै तयार भएको सबैलाई थाहा भएको उल्लेख गर्दै उहाँले त्यो प्रतिवेदन त्यतिबेला नै बुझ्नुपर्थ्यो किन बुझिएन भनी प्रश्न गर्नुभयो। उक्त प्रतिवेदन बुझ्ने वातावरण निर्माण गर्न सरकार निरन्तर क्रियाशील रहेको जनाउँदै उहाँले कूटनीतिक सम्बन्धका विषयमा टिप्पणी गर्न पर्याप्त सावधानी अपनाउनुपर्नेमा त्यसो हुन नसकेको बताउनुभयो।

नेपाल एक चीन नीतिप्रति दृढ रहेको दोहोऱ्याउँदै प्रधानमन्त्री देउवाले छिमेकी मित्र राष्ट्रविरुद्ध नेपालको भूमि प्रयोग हुन नदिन नेपाल सरकार सचेत रहेको बताउनुभयो। विगतमा चीनविरुद्ध सक्रिय संस्थालाई आफू प्रधानमन्त्री भएकै बेला रोक लगाएको सचेत गराएको उहाँले सदनलाई स्मरण गराउनुभयो।

बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई)लगायत अन्य विकास सहायता प्राप्त गर्ने विषयमा राष्ट्रिय आवश्यकता, क्षमता र उपादेयताका आधारमा निर्धारण हुने भएकाले सरकारले बुद्धिमतापूर्वक यस्ता विषयमा निर्णय गर्ने उल्लेख गर्दै उहाँले यसनिम्ति सबै पार्टीसँग छलफल गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, "नेपालको आर्थिक-सामाजिक विकासमा मित्र राष्ट्र तथा अन्तर्राष्ट्रिय सहयोगका लागि सरकार आभार प्रकट गर्दछ ।" प्रधानमन्त्री देउवाले सरकारको क्रियाशीलताका कारण आर्थिक तथा सामाजिक क्रियाकलापमा बढोत्तरी आएको बताउनुभयो । आफूले विश्वासको मत लिँदा नै सबै नेपालीलाई खोप उपलब्ध गराउने सन्दर्भमा गरिएको प्रतिबद्धता पूरा भएको र खोप अभियानका कारण आर्थिक क्षेत्र चलायमान हुने वातावरण बनेको उहाँले बताउनुभयो । सरकार आफ्नो लक्ष्यमा क्रियाशील रहेको उहाँको भनाइ छ।

प्रधानमन्त्री देउवाले सरकारले नेपाल आयल निगमजस्ता संस्था खारेज नगर्ने र त्यस्तो सोच नभएको स्पष्ट पार्नुभयो। सरकारले पाठ्यपुस्तकलगायत सामग्रीको सहज आपूर्तिको व्यवस्था मिलाएको र कालोबजारीजस्ता गैरकानुनी गतिविधि नियन्त्रण गर्न क्रियाशील रहेको उहाँले उल्लेख गर्नुभयो।

कृषि उत्पादन वृद्धि गर्न मलखादलगायत कृषिजन्य सामग्रीको सहज आपूर्तिको व्यवस्था गरिएको जनाउँदै उहाँले हिमाली तथा भौगोलिकरूपमा विकट जिल्लामा खाद्य आपूर्तिका लागि जिल्लाको वर्गीकरणको व्यवस्था गरिने नीति लिइएको बताउनुभयो । "सरकारले उत्पादकत्व वृद्धि गर्ने, तुलनात्मक लाभ भएका क्षेत्रलाई विशेष प्राथमिकता दिएको, अर्थतन्त्रको दिगो विकासका लागि सार्वजनिक-निजी क्षेत्रको क्रियाशीलता बढाउन खोजिएको छ", उहाँले भन्नुभयो।

निजगढ विमानस्थलका सन्दर्भमा सर्वोच्च अदालतको फैसलाको अध्ययन गरी आवश्यक निर्णय लिइने प्रधानमन्त्रीको भनाइ छ। सबै प्रकारका हिंसा र भेदभावको अन्त्य गरी भयमुक्त समाजको स्थापनाका लागि सरकार लागिपरेको उहाँको भनाइ छ । सरकारको नीति तथा कार्यक्रममा आधिकारिक निकायबाट लिइएको तथ्याङ्क नै प्रस्तुत गरिएकाले अविश्वास नगर्न प्रधानमन्त्रीले आग्रह गर्नुभयो। भ्रष्टाचार सबैको साझा शत्रु हो भन्दै उहाँले त्यसका विरुद्ध एकजुट भएर उभिन अपिल गर्नुभयो । प्रधानमन्त्रीले सीमित साधन स्रोतबीच निष्पक्ष र भयरहित रूपमा निर्वाचन सम्पन्न गरेको स्पष्ट पार्नुभयो। छिटपुट घटनलाई लिएर पूरै निर्वाचन प्रक्रियामा संशय गर्नु आवश्यक नभएको उहाँको भनाइ छ । प्रधानमन्त्री

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पाँचदलीय गठबन्धनद्वारा कार्यदल भङ्ग गर्न माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

कास्कीमा क्रियाशील पाँचदलीय गठबन्धनले गण्डकी प्रदेश सरकारले प्रदेशका पूर्वपदाधिकारीलाई सुविधा र सुरक्षा उपलब्ध गराउनका निम्ति कानुनी मस्यौदा तयार गर्न गठन गरिएको कार्यदल भङ्ग गर्न माग गरेको छ।

पाँचदलीय गठबन्धनका तर्फबाट शनिबार विज्ञप्ति प्रकाशन गर्दै पूर्व पदाधिकारीलाई सुविधा उपलब्ध गराउनका निम्ति कानुनी मस्यौदा तयार गर्न कार्यदल गठन गरिएको प्रति गम्भीर ध्यानाकृष्ट भएको जनाइएको छ। मुलुकको अर्थतन्त्रमा उतारचढाव देखिएको तथा जनताका आधारभूत आवश्यकतालाई सम्बोधन गर्दै विकास निर्माण कामलाई प्रभावकारीरूपमा अगाडि बढाउनुपर्नेमा कुनै पनि नाममा सेवा-सुविधा थप गर्ने कार्यलाई उचित मान्न नसकिने उल्लेख गर्दै विज्ञप्तिमा "गठित कार्यदललाई तुरुन्त भङ्ग गरी जनपक्षीय काममा केन्द्रित हुन गण्डकी प्रदेश सरकारसमक्ष जोडदार माग गर्दछौं", भनिएको छ।

विज्ञप्तिमा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, नेकपा (माओवादी केन्द्र) का जिल्ला संयोजक बखानसिंह गुरुङ, जनता समाजवादी पार्टी कास्कीका अध्यक्ष गिरीप्रसाद गुरुङ, राष्ट्रिय जनमोर्चा कास्कीका जिल्ला अध्यक्ष रविमोहन ढकाल, नेकपा (एकीकृत समाजवादी)का जिल्ला उपसचिव पूर्ण लामाले हस्ताक्षर गर्नुभएको छ।

## अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न दलहरुबीच एकता आवश्यक : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १४ जेठ**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले मुलुकको अर्थतन्त्रको सम्बर्द्धन एवम् उन्नयन गर्ने विषयलाई सरकारको नीति तथा कार्यक्रममार्फत सम्बोधन गरिएको बताउनुभएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममाथि आफ्नो धारणा राख्दै उहाँले नीति कार्यक्रममा अपुग भएका विषयलाई प्रधानमन्त्रीले सम्बोधनका क्रममा समेट्नुहुने विश्वास व्यक्त गर्नुभयो। राष्ट्रपति विद्यादेवी भण्डारीले यही जेठ १० गते सरकारको आगामी आवको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो।

राजनीतिक दलकाबीचमा साझा धारणा निर्माण गरी सहकार्यको वातावरण बनाउनुपर्नेमा जोड दिँदै उहाँले राष्ट्रिय समस्या समाधानका लागि पनि सबै राजनीतिक दलबीच एकता हुनुपर्नेमा जोड दिनुभयो । एक अर्कालाई दोषारोपण गरेर मात्रै समस्याको समाधान नहुने उल्लेख गर्दै उहाँले मुलुकको समस्या समाधानका लागि साझा प्रयास, संकल्प आवश्यक रहेको उल्लेख गर्नुभयो।

"देशको विद्यमान समस्या समाधान गर्नका लागि एकै ठाँउमा उभिनुपर्ने बेला राजनीतिक दल एक आपसमा घोचपेच गर्ने, दोषारोपण गर्नेतर्फ लागेकामा मलाई चिन्ता लागेको छ", पूर्वप्रधानमन्त्री दाहालले भन्नुभयो, "स्थानीय तहको निर्वाचनमा कुन राजनीतिक दलको सिट कति बढ्यो वा घट्यो भन्दा पनि संविधान कार्यान्वयनको प्रक्रिया अगाडि बढ्यो वा बढेन भन्ने विषय नै यतिबेलाको प्रमुख विषय हो।"

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तहको निर्वाचनले संविधान मिच्न चाहने प्रवृत्तिलाई राम्रो जवाफ दिएको उल्लेख गर्दै उहाँले संघर्ष र बलिदानबाट प्राप्त भएको उपलब्धिलाई जोगाउन जुनस्तरको तत्परता देखापऱ्यो त्यसले सहज वातावरण बनाएको बताउनुभयो। उहाँले स्थानीय तहको निर्वाचन एकै चरणमा नै सफल बनाउन लाग्ने सरकार, राजनीतिक दल, मतदाता एवम् सबै वर्ग, समूह तथा नागरिक समाजलाई धन्यवाद दिनुभयो।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले पार्टीभित्र आन्तरिक रुपमा लज्जास्पद हार भएको संश्लेषण गर्ने, अनि संसद्मा आएर सरकार र गठबन्धनले जबरजस्ती गऱ्यो भनेर गरेको टिप्पणी तर्कसंगत नभएको अध्यक्ष दाहालको भनाइ छ । मतगणना सम्पन्न हुँदै गएपछि सरकारलाई धारे हात लगाउनुको कुनै पनि अर्थ नभएको उहाँको भनाइ छ।

संविधान निर्माण भएपछि राजनीतिक स्थायित्व होओस् भनेर वामगठबन्धन हुँदै एउटै कम्युनिष्ट पार्टी बनाउने पहलकदमी लिएको तथ्य पेश गर्दै उहाँले झण्डै दुईतिहाई जनमत प्राप्त भएको पार्टीलाई के कारणले बचाउन सकिएन भन्ने प्रश्नको जवाफ इतिहासले खोज्ने बताउनुभयो । अध्यक्ष दाहालले भन्नुभयो, "जसको सहयोगमा दुईदुई पटक प्रधानमन्त्री बन्यो, उसैलाई अर्काको वैशाखी टेकेको भनेर टिप्पणी गर्न कसरी सुहाउँछ। अघिल्लो सरकार एमालेको थियो भनेर कसरी भन्न सकिन्छ।"

माओवादी केन्द्रको सहयोगमा नै उहाँ (केपी ओली) दुईदुई पटक

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बालश्रम न्यूनिकरणमा परिवार, विद्यालय र समाजको भूमिका महत्वपूर्ण : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले बालश्रम न्यूनिकरणमा परिवार, विद्यालय र समाजको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।

पोखरा उद्योग बाणिज्य संघले किडासाको सहयोगमा शनिबार आयोजना गरेको श्रम तथा जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरुका लागि "शैक्षिक सामग्री तथा विद्यालय पोशाक वितरण कार्यक्रम" लाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनुभएको हो।

मन्त्री थापाले बालश्रम न्यूनिकरण र बालबालिकालाई विद्यालय पठाउने विषयमा किडासा जस्तो संस्थाले उल्लेखनिय काम गर्दै आएको बताउनुभयो । बालबालिकाका लागि यस्ता कार्यक्रम अत्यन्त आवश्यक रहेको भनाई उहाँको थियो । उहाँले




बालबालिकालाई शिक्षाबाट वण्चित नगराउन परिवारलाई आग्रह गर्नुभयो। नेपाल सरकारले सरकारी विद्यालयहरुमा ५ कक्षा सम्म उपलब्ध गराउँदै आएको निशुल्क खाजाका कारण विद्यार्थीहरुको आकर्षण बढ्दै गएको भनाई उहाँको थियो।

"न्युन आयस्तर भएका परिवारका बालबालिकालाई शैक्षिक सामाग्री सहयोग गर्दा विद्यालय पठाउने बानीको विकास हुनेछ । सरकारी विद्यालयले शैक्षिक स्तरोन्नतिलाई विशेष ध्यान दिनुपर्ने आवश्यकता छ।", उहाँले भन्नुभयो। अहिले प्रविधिमैत्री शिक्षाको आवश्यकता रहेको र विद्यालयहरुले समेत त्यसलाई अनुसरण गर्नुपर्ने आवश्यकतालाई उहाँले औंल्याउनुभएको छ । गण्डकी प्रदेश सरकारले ७० प्रतिशत बालबालिकालाई प्राविधिक शिक्षा उपलब्ध गराउने गरी काम गरिरहेको जानकारी उहाँले गराउनुभयो । नैतिक शिक्षा सँगै प्राविधिक शिक्षाको अभावमा रोजगारीका लागि अब कोहि बालबालिका पछि भौतारिन नपर्ने धारणा उहाँको छ।

"आजका बालबच्चा भोलीको कर्णदार हुन् । सबल शिक्षाले नै बालबालिकालाई अगाडि बढ्न प्रेरित गर्छ। जसका लागि विद्यालयमा बालबालिकाको आकर्षण बढाउन यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेलेको हुन्छ।", उहाँले भन्नुभयो। पोखरा उद्योग बाणिज्य संघले व्यवसायिक हक हितका लागि मात्र काम नगरी सामाजिक उत्तरदायित्व अन्तर्गत गरेका यस्ता कार्यले थुप्रै बालबालिकाले लाभ लिनेमा उहाँ आशावादी हुनुहुन्छ।

कार्यक्रममा क्लेपका अध्यक्ष राजेन्द्र कुमार लालचन, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष नारायण कोइराला, पोखरा महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख हेम प्रसादआचार्य,पोखराउद्योगबाणिज्यसंघका उपाध्यक्षद्वय पवन प्रजापति, अर्जुन पोखरेल, महासचिव सुरेन्द्रमान बिजुक्छे, कोषाध्यक्ष बलराम आचार्य लगायतको उपस्थिति थियो । उनीहरु सबैले पोखराको शैक्षिक विकासका सबै मिलेर काम गर्नुपर्ने आवश्यकता आजको भएको बताएका छन्।

# जनएकता प्रथम सेभेन ए साईड फुटबलको उपाधि एम-१२ लाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

केआईइसी एम १२ ले जनएकता क्लबद्वारा आयोजित प्रथम सेभेन ए साईड फुटबल प्रतियोगिता उपाधि जितेको छ । रामेश्वरी माविको खेल मैदानमा आयोजित प्रतियोगिताको शनिबार भएको फाईनलमा एम-१२ ले रत्नचोकलाई ४-१ गोलले पराजित गर्दै उपाधि उचाल्यो ।



पहिलो हाफमै ३-१ ले अग्रता लिएको एम-१२ ले दोस्रो हाफमा थप एक गोल थप्दै फराकिलो जित दर्ता गर्‍यो । विजेता एम-१२ ले नगद १ लाख १ हजार १११ रुपैयाँ प्राप्त गर्‍यो । उपविजेता बनेको रत्नचोकले भने ६१ हजार १ सय ११ रुपैयाँ चित्त बुझायो । एम १२ का लागि अविनास तामाङले ह्याट्रिक गरे । सरोज तितुङको नाममा एक गोल लेखियो । रत्नचोकका लागि सोनु गुरुङले एक गोल फर्काए । जुन गोल सान्त्वना बन्न पुग्यो । ४६ टोलीको सहभागिता रहेको प्रतियोगितामा फाईनल खेलको म्यान अफ दि म्याच अनिवास तामाङ घोषित भए ।

प्रतियोगितामा उत्कृष्ट खेलाडीको पुरस्कार मनोज गुरुङ घोषित भए । बेष्ट गोलकिपरबाट रोमन थापामगरले पुरस्कार थाप्दा बेष्ट डिफेण्डर योगेश गुरुङ बने। त्यस्तै सर्वाधिक गोलकर्ताको पुरस्कार सरोज तितुङले प्राप्त गरे । उत्कृष्ठ खेलाडीले नगद ५ हजार प्राप्त गर्दा अन्य विधाका खेलाडीले ३/३हजार रुपैयाँ प्राप्त गरे । एकसातासम्म चलेको प्रतियोगिताको विजेता टोलीलाई पोखरा-१४ का नवनिर्वाचित वडाध्यक्ष बोधबहादुर कार्की, समाजसेवी अमृतबहादुर कार्की लगायतले ट्रफीसहित नगद प्रदान गरे । वडाध्यक्ष कार्कीले प्रथम पुरस्कार प्रायोजन गरिदिएका थिए। दोस्रो पुरस्कारको समाजसेवी अमृतबहादुर कार्की तथा होमबहादुर बसेलले प्रायोजन गरेको आयोजक जनएकता क्लबका सचिव घनश्याम अधिकारी(श्याम)ले बताए । क्लबका अध्यक्ष बेवबृजन खड्काको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

# अमरज्योतीका विद्यार्थीलाई दर्शनको पोशाक

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरा महानगरपालिका १३ का निवर्तमान वडाध्यक्ष तथा नेकपा एमालेका कास्की जिल्ला उपसचिव दर्शन लामाले ५५ जना विद्यार्थीलाई स्कुल पोशाक सहयोग गरेका छन् ।

पोखरा १३ अमलाचौर स्थित अमरज्योती आधारभुत विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई विद्यालयमै पुगेर पोशाक सहयोग गरेका हुन् । विद्यार्थीहरुलाई पोशाक हस्तान्तरण गर्दै युवा नेता लामाले विद्यार्थीहरुको प्रोत्साहानका लागि सहयोग गरेको बताए । 'गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साहान हुन्छ भन्ने हेतुले ड्रेस दिएको हुँ, उनले भने, 'यसको साथसाथै सामुदायिक स्कुलमा पनि विद्यार्थीहरुको अकर्षण बढ्छ भन्ने अभिप्राय हो ।' यसैगरी विद्यालयका प्रध्यानाध्याक विमल बरालले लामाको सहयोगका लागि धन्यवाद व्यक्त गर्दै सकरात्मक सन्देश प्रवाभ भएको बताए । सामाजिक उत्तरदायित्व वहन गर्दै विद्यार्थीहरुलाई पोशाक सहयोग गर्नु उदाहरणीय कार्य रहेको बरालले बताएका थिए ।



निवर्तमान वडाध्यक्ष लामाले आफ्नो कार्यकालमा शैक्षिक गुणस्तर उकास्नका लागि विभिन्न कार्यक्रमहरु समेत सम्पन्न गरिसकेका छन् । उनले वडाको शिक्षामा एकरुपता ल्याउनका लागि पाठ्यक्रम (लेसन प्लान) बनाएका थिए । भने सामुदायिक विद्यालयमा बस समेत खरिद गरेका थिए । यसैगरी भद्रकाली माविमा पक्की भवन समेत निर्माण गरेका थिए ।

उनले यसअघि पनि वडा भित्रका नीजि तथा सामुदायिक विद्यालयमा शैक्षिक सामाग्री तथा पोशाक वितरण गरेका थिए ।

# प्रथम गण्डकी प्रदेश स्तरीय जिम्न्यास्टिक प्रतियोगितामा सीता र रोशन प्रथम

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

पोखरामा शनिबार सम्पन्न प्रथम गण्डकी प्रदेश स्तरीय जिम्न्यास्टिक प्रतियोगितामा कास्कीका रोशन पुन र सीता कुमारी खड्का प्रथम भएका छन् ।



कास्की जिल्ला जिम्न्यास्टिक संघले प्रतियोगिता आयोजना गरेको हो । महिलातर्फ सीता कुमारी प्रथम हुँदा सुबि भासिका द्वितीय र कृति खत्री तृतीय भइन् । यस्तै, पुरुषतर्फ रोशन सर्वोत्कृष्ट रहँदा कास्कीकै विशाल पुन द्वितीय र बाग्लुङका कृष्ण कँडेल तृतीय भए । प्रतियोगितामा विजेताहरुले नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गरे । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रदेशका युवा तथा खेलकुद मन्त्री राजीव गुरुङ, गण्डकी प्रदेश खेलकुद परिषद्का उपाध्यक्ष ध्वजकुमार गुरुङ, जिम्न्यास्टिक संघका केन्द्रीय सदस्य योगेन्द्र गुरुङलगायतले उत्कृष्ट खेलाडीहरुलाई पुरस्कार प्रदान गरे । प्रमुख अतिथि मन्त्री गुरुङले जिम्न्यास्टिक खेललाई बालबालिका तहसम्मै लगेर यसरी प्रतियोगिता आयोजना गरेकोमा आयोजकप्रति आभार व्यक्त गरे । उनले पोखरा रंगशालामा जिम्न्यास्टिक खेल अभ्यासका लागि स्थान उपलब्ध गराएको जानकारी गराउँदै गण्डकी प्रदेश सरकार यस खेल विकासको लागि प्रतिबद्ध रहेको जनाए । कार्यक्रमको अध्यक्षतासमेत गरेका संघ कास्कीका कार्यवाहक अध्यक्ष राजु कायस्थले प्रत्येक खेलका लागि जिम्न्यास्टिक सहायक खेल भएकोले 'मदर अफ स्पोर्टस्' अर्थात् जिम्न्यास्टिकलाई खेलको जननी मानिएपनि सो अनुसार प्राथमिकतामा पर्नुपर्नेमा जोड दिए । सचिव प्रकाशचन्द्र सापकोटाले व्यक्तिको सन्तुलन, लचकता, बल, नियन्त्रण, धैर्यता र साहसिक गुणको समिश्रणका कारण जिम्न्यास्टिक हरेक खेलको जननी रूपमा रहेकाले राज्यले नै यसको विकासका लागि ध्यान दिनुपर्ने बताए । कार्यक्रममा स्वागत सहसचिव राजु केसीले गरेका थिए । नेपालमा २०२३ सालमा जापानी सहयोगमा जिम्न्यास्टिक खेलको सुरुवात भएको पाइन्छ । त्यसको चार वर्षपछि राष्ट्रिय खेलकुद परिषद (राखेप)ले जिम्न्यास्टिक संघ गठन गरेको थियो । जिम्न्यास्टिक संघ नेपालको पुरानो संघमा पर्छ तर राज्यको प्राथमिकतामा नपर्दा आफ्नो अस्तित्व जोगाउन अहिलेपनि संघर्ष गरिरहेको छ ।

## नेपाली...

देउवाले कोभिडको महामारीपछि सामान्य हुँदै देशको अर्थतन्त्र सामान्य अवस्थामा अघि बढ्दै गरेको अवस्थामा युक्रेनमा भएको आक्रमणले जटिलता निम्त्याएको स्पष्ट पार्नुभयो । सोही कारण आपूर्तिमा समस्या देखिएको र देशको अर्थतन्त्रमा बाह्य चाप बढेको प्रधानमन्त्रीको भनाइ छ । प्रधानमन्त्री देउवाले प्रस्तुत नीति तथा कार्यक्रम आर्थिक पुनरुत्थान गर्दै जनजीवनलाई सहज पार्नेतर्फ केन्द्रित भएको स्पष्ट पार्नुभयो ।

उहाँले अमेरिकी सहयोग परियोजनाका सम्बन्धमा संसद्ले पारित गरेको १२ बुँदे व्याख्यात्मक टिप्पणी त्यसैको अङ्ग बनिसकेको उल्लेख गर्नुभयो । यसमा थप शङ्का गर्नुपर्ने आवश्यकता नरहेको प्रधानमन्त्री देउवाको भनाइ छ । सरकारले एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकीका लागि स्रोत जम्मा भएको र त्यसै आधारमा अगाडि बढाउन लागिएकाले त्यसमा आशङ्का नगर्न उहाँले आग्रह गर्नुभयो । सीमा सुरक्षाका लागि सरकार क्रियाशील रहेको र त्यसमा कुनै तलमाथि हुन नदिइने उहाँको भनाइ छ । प्रधानमन्त्री देउवाले आफ्नो भारत भ्रमणका क्रममा ऊर्जा क्षेत्रको विकासका लागि सहकार्य गर्न दुवै देश तत्पर रहेको र साझा वक्तव्यमा उल्लेख गरिएको जानकारी दिनुभयो ।

## अर्थतन्त्रमा...

प्रधानमन्त्री बन्नुभएको तथ्य नबिर्सन आग्रह गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "तपाईं माओवादी केन्द्रको वैशाखी टेकेर नै दुईदुई पटक प्रधानमन्त्री बन्नुभएको होइन ?" प्रतिपक्षी दलका नेता दम्भ, अहंकारबाट पछि हट्न नसकेको आफूले पाएको उल्लेख गर्दै उहाँले आजको परिस्थिति कसले बनायो ? त्यसको जिम्मेवारी कसले लिने भनी प्रश्न गर्नुभयो । एउटा शक्तिका साथ माओवादी एमाले अध्यक्ष ओलीसँग बहस गर्न तयार रहेको उल्लेख गर्दै उहाँले सरकारको नीति तथा कार्यक्रममाथि उहाँ (ओली)ले गरेको टिप्पणीमा नै विरोधाभाष रहेको बताउनुभयो । "नीति कार्यक्रम गतिहीन छ भनेर पनि भन्ने, अनि एमाले सरकारले ल्याएको नीति कार्यक्रम सारेर ल्याइयो पनि भन्ने ? प्रतिपक्ष दलको नेताले राख्नुभएको विषय विरोधाभाष छैन र ?", उहाँले भन्नुभयो ।


## हावाहुरीबाट बचौं र बचाऔं ।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# आँधीखोला गाउँपालिकाका अध्यक्ष पौडेलको सम्पत्ति विवरण सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**

स्याङ्जाको आँधीखोला गाँउपालिकाका अध्यक्ष विश्वनाथ पौडेलले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् ।



अध्यक्ष पौडेलले पदस्थापन लगत्तै सामाजिक सञ्जाल मार्फत सम्पत्ति विवरण सार्वजनिक गरेका हुन् । निर्वाचित भए लगत्तै सम्पत्ति विवरण सार्वजनिक गर्ने पौडेल जिल्लामै पहिलो जननिर्वाचित अध्यक्ष हुन् । पालिकाको अध्यक्षको जिम्मेवारीलाई पौडेलले जनताको सेवा गर्ने अवसरका साथै आफुलाई अब्बल सेवकको रूपमा प्रमाणित गर्ने दुबै चुनौती रहेको बताएका छन् ।

अध्यक्ष पौडेलको नाममा गाउँपालिकाको वडा नं. ३ मा फरकफरक कित्तामा झण्डै ११ रोपनी जग्गा र ढुङ्गाको छानो भएको एक कच्चि घर र गोठ रहेको छ । उनले सार्वजनिक गरेको सम्पत्ति विवरणमा एक थान मोटरसाइकल र बैंक तथा सहकारीमा गरी नगद ४६ हजार ५ सय ५० रुपैयाँ नगद रहेको छ ।

उनले सार्वजनिक गरेको विवरणमा जिल्लामा संचालित माछापुच्छ्रे पोल्ट्रि लाईभस्टोकमा १२ हजार ५ सय र विभिन्न बैंक तथा सहकारीमा ३ हजार ५ सय कित्ता शेयर रहेको छ । श्रीमती संगिता शर्मा पोखेलका नाममा करिब साँढे ४ तोला सुन तथा पुतलीबजार नगरपालिका १ मा दुई तले पक्कि घर रहेको सार्वजनिक विवरणमा उल्लेख छ ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।




## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

सवैको निन्दा सुन तर आफ्नो फैसलालाई भने गोप्य नै राख।

– शेक्सपियर

## सम्पादकीय

# दलतन्त्रमा गणतन्त्र दिवस

नेपालमा गणतन्त्र घोषण भएको १४ वर्ष पुरा भएको छ। गणतन्त्र घोषणको १५ औं वर्ष प्रवेशमा गरेको छ। २४० वर्ष पुरानो शाह वंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा भएको १४ वर्ष पुरा भएको छ। २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको घोषणा गरेको थियो। २०६२/६३ को जनआन्दोलनको बलले नै गणतन्त्रको घोषणा गर्ने चरणमा पुऱ्याएको हो। नेकपा माओवादीले गरेको दस वर्षे सशस्त्र संघर्षले गणतन्त्र घोषणामा महत्वपूर्ण भुमिका खेलेको हो।त्यस अघि नेपालमा भएका आन्दोलन र संघर्षका कारण राजतन्त्र कमजोर बनाउने काम गरेको हो। दरबार हत्याकाण्डले पनि राजतन्त्र कमजोर हुँदै गएको थियो।विदेशीले पनि नेपालमा गणतन्त्रको लागिएको धेरथोर सहयोग गरेकै हुन। कम्युनिष्ट पार्टीको स्थापना नै गणतन्त्र स्थानपनाका लागी भएको थियो। कम्युनिष्ट पार्टीहरुले नेपाली कांग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउन सकेकै कारण नेपालमा गणतन्त्र घोषण संभव भएको हो।

गणतन्त्र घोषण पछि मुलुकमा ऐतिहासीक महत्वका उपलव्धी हासील भएका छन। संविधान सभावाट जनता सर्वभौम भएको संविधान निमार्ण भएको छ। संविधानले गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छ।संघीय संसद, प्रदेश सभा र स्थानीय तहमा महिलाको प्रतिनिधित्व एक तिहाई भन्दा बढी पुगेको छ।संविधानले शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षा, रोजगारीको ग्यारेन्टी गरेको छ। स्थानीय तहका प्रतिनिधीले पाँच वर्षे कार्यकाल पुरा भई नयाँ जनप्रतिनिधि चुनिएका छन। जनत(ाले स्थानीय सरकार चुनेका छन। जनताको मन जित्ने घोष(णामा होडबाजी चलेको छ।अब आफ्ना कार्यक्रम र योजना तथा बजेट पेस गर्ने अवस्थामा आएका छन।राजनीतिक दल र नेताको मुठ्ठीमा सबै कुरा राख्न खोज्दा जनतामा गणतन्त्र आएको अनुभूति गर्ने खालका काम हुन नसकेको गुनासो छ। ति गुनासोलाई मनन गरेर कार्यक्रम ल्याउने चुनौती दलहरूलाई छ। संविधान जारी भए पछि पनि त्यस प्रति असन्तुष्टि जनाउने राजनीतिक समूह अहिले संघीय सरकारमा छन्। मधेस प्रदेशमा मधेश केन्द्रीत दलको नेतृत्वमा सरकार छ। सरकारले जनताको समस्याप्रति बेखबर जस्तै छ। गणतन्त्रलाई जीवन पद्धति बनाउन नसकेको हुँदा जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन्।

भाषणमा र दस्तावेजमा समाजमा सवै खाले विभेद र शोष(णको अन्त्य गरि आर्थिक समानता, सामाजिक न्याय, समृदि सहित मुलुकमा समाजवादको आधार निमार्ण गर्ने संवैधानिक व्यवस्था छ। गणतन्त्र पछि पनि हुनेखानेले मात्र राज्यबाट सुविधा पाउने गरेका छन। शक्ति र सत्तासंग नजिककाले मात्र फाइदा लिन सकेका छन।पसिना चुहाउने किसान मजदुरको हितमा काम हुन नसक्दा जनतामा जुन व्यवस्था आएपनि त्यस्तै भन्ने भान परेको छ। जनतामा छाएको निराशालाई उग्रदक्षिण पंथी (राजावादी) र हिंसाको राजनीति गर्नेले उल्टाउन सक्छन्। गणतन्त्रका घोषणका लागि संगै लडेका राजनीतिक दलहरु नदीका दुई किनारा जस्तो देखिनु राम्रो होईन। आवधिक निर्वाचनवाट जनताले आफ्नो प्रतिनिधी छान्ने प्रणली मात्र होईन गणतन्त्रलाई दलहरुले जीवन पद्धती वनाउनु पर्दछ। गणतन्त्र वादीले आफुलाई जनता भन्दा फरक देखाउन थाले भने हामीले गरेको घोषणा र जनताको बलि(दान खेरा जान सक्छ।

गणतन्त्र भनेको सरकारमा पुगेर जनताको हितमा काम गर्नु हो। जनताको हितमा काम गर्नको निम्ति व्यक्तिगत लोभ, पारिवारीक मोह, दलको स्वार्थ त्याग्न सक्नु पर्छ। कम्युनिष्ट र लोकतन्त्र हरुले सामाजिक न्याय सहितको प्रणाली विकास गर्न नसके जनताले बलिदानी दिएर ल्याएको गणतन्त्र हुनेखानेका लागीमात्र हुनजान्छ। राजनीतिक संक्रमणकाल अन्त्य गरि संविधानले सुरक्षित गरेका सबै अधिकार कार्यान्वयनमा आउन सकेमात्र गणतन्त्र स्थापना भएको अनुभूति जनताले गर्न पाउनेछन्। मुखले गणतन्त्रको चर्को कुरा गर्ने व्यवहारमा सामान्ती शैली देखाएमा गणतन्त्र बलियो हुन सक्दैन। गणतन्त्रको बारेमा जनतालाई सचेत पार्ने र गणतन्त्रको लागि बलिदानी दिने, आन्दोलनमा लागेर अंगभंग भएका योद्धा र उनीहरुका आश्रित परिवारलाई सम्झने गरेमा गणतन्त्र दिवस मनाएको सार्थकता रहने छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मन चञ्चल |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बड्ने |

**हरिसिद्दि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ६३५ घरेलु उद्योग दर्ता

**पोखरापत्र संवाददाता**
**लमजुङ, १४ जेठ**

घरेलु तथा साना उद्योग कार्यालय लमजुङमा ६३५ वटा घरेलु उद्योग दर्ता भएका छन्। आर्थिक वर्ष २०७८/०७९ को साउनदेखि वैशाख महिनाको अवधिमा सो सङ्ख्यामा घरेलु उद्योग दर्ता भएका कार्यालय प्रमुख मीताकुमारी थापाले बताउनुभयो।

उहाँका अनुसार यस अवधिमा २५३ वटा घरेलु उद्योगको नवीकरण भएको छ। वाणिज्यतर्फ ३७५ नया दर्ता भएका छन् भने ३५८ वटा नवीकरण भएको छ। गत आार्थिक वर्षको साउनदेखि असारसम्ममा ९७० घरेलु उद्योग दर्ता भएको थियो। आव २०७७/२०७८ मा ३६९ उद्योग नवीकरण गरिएका छन्। वाणिज्यतर्फ एक वर्षको अवधिमा ६४० नयाँ दर्ता भएका छन्। त्यस्तै, ५५८ नवीकरण गरिएको घरेलु कार्यालयले जनाएको छ।

आव २०७६/०७७ मा ६६९ नयाँ घरेलु उद्योग दर्ता भएको उक्त कार्यालयले जनाएको छ। आव २०७५/७६ मा जम्मा ४६८ मात्रै कार्यालयमा घरेलु उद्योग दर्ता गरिएका थिए। त्यस्तै, ८७ घरेलु उद्योग नवीरण भएको थियो। सो अवधिमा वाणिज्यतर्फ ६२९ दर्ता भएका छन् भने नवीकरण १५७ भएका छन्।

घरेलुमा उद्योग दर्ता गर्दा सरकारी सेवा सुविधा पाउने कानुनी झन्झट नहुने, उद्यमी बन्ने चाहना, विभिन्न माध्यमबाट जनचेतना वृद्धि, घरेलु उद्येगमा महिलालाई ५० प्रतिशत छुट भएकाले उद्योग दर्ता गर्न सेवाग्राही आकर्षित हुन थालेको कार्यालय प्रमुख थापाले बताउनुभयो। बैंसीसहर बजार, सुन्दरबजार, भोटेओडार, सोती पसल भोर्लेटारलगायतका स्थानमा पसल बढिरहेका छन्। दर्ताभएका उद्योगमध्ये अधिकांश कृषि फार्म, सिलाइकटाइ, अलैंची, ब्युटिपार्लर, कृषि औजार, मौरीपालन, बङ्गुर फार्म, दालमोठ उद्योग, पर्यटन उद्योगलगायत सञ्चालनमा रहेका छन्।

# पेट्रोलियम पदार्थ उत्खनन दुई वर्ष समय थप

**रासस**
**काठमाडौं, १४ जेठ**

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खनन गर्न दुई वर्ष समय थपिएको छ। दैलेख जिल्लाको ज्वाला क्षेत्रमा जारी अन्वेषण तथा उत्खननका लागि समय थपिएको हो।

पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि सन् २०२२ फेब्रुअरी २८ सकिएपछि २०७८ चैत १४ गते बसेको मन्त्रिपरिषद्को बैठकले दैलेखमा रहेको पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननका लागि दुई वर्ष समय थप गरेको खानी तथा भूगर्भ विभागका भूगर्भविद् डा गणेशनाथ त्रिपाठीले बताउनुभयो।

उहाँले कोभिड महामाहारीका कारण बन्द भएको काम चिनियाँ टोली नेपाल आउनसाथ पेट्रोलियम पदार्थ अन्वेषण तथा उत्खननअन्तर्गत दोस्रो चरणको काम सुरु हुने बताउनुभयो। "कोभिड महामारीका बेलादेखि नेपाल र चीनबीच सिधै हवाइसेवा सञ्चालन हुन सकेको थिएन", त्रिपाठीले भन्नुभयो, "अब चिनियाँ टोली नेपाल आउन तयार छ।" सदियौँदेखि पानीमाथि आगो बल्दै आएको ज्वाला क्षेत्रको नाविस्थान, श्रीस्थान, कोटिला, तल्लो डुङ्गेश्वर र पादुकालगायत क्षेत्रलाई आधार बनाएर पेट्रोलियम पदार्थ अन्वेषणका लागि नेपाल सरकार र चीन सरकारको जिओलोजिकल सर्वे कम्पनीबीच सन् २०१९ फेब्रुअरी २८ मा सम्झौता भएको थियो।

पेट्रोलियम पदार्थ अन्वेषणका लागि तीन वटा पूर्वपश्चिम र सात वटा उत्तर दक्षिण दिशामा खनिएका १० सिस्मिक लाइनमा सर्वेकार्य सकिएपछि अन्वेषणका लागि गरिने मुख्य ड्रिलिङको काम सुरु गर्ने भनिए पनि कोरोनाका कारण काम प्रभावित बनेको थियो।

# गणतन्त्र दिवसका अवसरमा ८१८ कैदीलाई माफी मिनाहा

**रासस**
**काठमाडौं, १४ जेठ**

राष्ट्रपति विद्यादेवी भण्डारीले गणतन्त्र दिवसका-२०७९ का अवसरमा ८१८ कैदीको बाँकी कैद सजाय माफी मिनाहा गर्नुभएको छ।

राष्ट्रपति भण्डारीले गणतन्त्र दिवसका अवसरमा जारी गरेको प्रेस विज्ञप्तिमा खड्ग श्रेङ लिम्बू समेतका २७१ र नरबहादुर साँवा समेतका ५४७ गरी कूल जम्मा ८१८ कैदीको बाँकी कैद सजाय मिनाहा गर्नुभएको हो।

राष्ट्रपति भण्डारीले नेपालको संविधानको धारा २७६, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७, फौजदारी कसूर (कैदकट्टा) नियमावली, २०७६ को नियम ३ तथा सर्वोच्च अदालतका आदेशसमेतका आधारमा तोकिएको कैद सजाय भुक्तान गरेका र असल चालचलन भएका व्यक्तिलाई माफी मिनाहा गर्नुभएको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता केशवप्रसाद घिमिरेले जारी गर्नुभएको प्रेस विज्ञप्तिमा उल्लेख छ।

मन्त्रिपरिषद्को यही जेठ १० गते बसेको बैठकको सिफारिसमा जेठ १५ गतेदेखि लागू हुने गरी माफी मिनाहा गरिएको हो। त्यस्तै राष्ट्रपति भण्डारीले गणतन्त्र दिवसकै अवसरमा मन्त्रिपरिषद्को यही जेठ १३ गतेको बैठकको सिफारिसमा उमाकान्त पराजुलीसमेतका १६ कैदीको विभिन्न अदालतबाट विभिन्न मितिमा भएका फैसलाबमोजिम कैद माफी गर्नुभएको छ।

नेपालको संविधानको धारा २७६ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ बमोजिम गणतन्त्र दिवस-२०७९ का अवसरमा उहाँले उक्त माफी गर्नुभएको हो।

# लेखनाथको संबृद्धि सहकारीले आयोजना गरेको रक्तदान कार्यक्रममा ७४ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
**पोखरा, १४ जेठ**



संबृद्धि बचत तथा ऋण सहकारी संस्था लिमिटेडले शुक्रबार आयोजना गरेको रक्तदान कार्यक्रममा ७४ जनाले रक्तदान गरेका छन्।

पोखरा महानगरपालिका वडा नं २६ र २७ का वडाध्यक्ष नरेन्द्र थापा र पूर्णकुमार गुरुङ्गले पहिलो रक्तदाता समिक्षा गिरी र विश्वनाथ त्रिपाठीलाई ब्लड व्याग हस्तान्तरण गरेर कार्यक्रमको शुभारंभ गरेका थिए। कार्यक्रममा रक्तदान समेत गरेका वडा नं. २६ वडाध्यक्ष थापाले मानव सेवाका सवै कामहरुमा वडाले सहकार्य गर्ने उल्लेख गरे। रक्तदानका बारेमा युवापुस्तामा भ्रम रहेको उल्लेख गर्दै, अध्यक्ष थापाले चेतना अभिवृद्धिका कार्यक्रम ल्याउन समेत रक्तसंचार केन्द्रलाई आग्रह गरे। उनले वडाको विकासका लागि प्रभुद्ध वर्गसँग सहकार्य गरेर योजना बनाउने प्रतिवद्धता समेत व्यक्त गरे। पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ्गले रगतको आवश्यकता रहेको सन्देश रक्त संचारले गर्ने लगत्तै सहकारीले कार्यक्रमको आयोजना गरेर मानविय सेवा गरेको उल्लेख गरे। उनले जनताले दोश्रो कार्यकालका लागि समेत अनुमोदन गरेकाले जनताको विश्वासमा आँच नआउने गरी काम गर्ने प्रतिवद्धता समेत व्यक्त गरे।

लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय रक्तसंचार केन्द्रले स्थायी रक्तदाताको परिचयपत्र उपलब्ध गराई अस्पतालका सेवाहरुमा सहुलियत दिन आग्रह गरे।

२८ औं पटक रक्तदान गरेका सहकारी सदस्य पोखरा तालचोक निवासी सुरजजंग राणाले रक्तदानको महत्वको बारेमा वुझेकाले नियमित रक्तदान गर्दै आएको बताए। उनले आफ्नो बुवाको उपचारमा समेत धेरै पटक रगत दिनु परेकाले स्वास्थ्यले साथ दिईन्जेल रक्तदान गर्ने प्रतिवद्धता व्यक्त गरे।

सहकारीका अध्यक्ष सुमन भट्टराईले पोखरामा रगत अभाव भएको बेला आफ्नो संस्थालाई संझन रक्तसंचार केन्द्रलाई आग्रह गरे। कार्यक्रममा पहिलो पटक देखी २८ पटकसम्म रक्तदान गर्ने दाताहरुको सहभागिता रहेको थियो। कार्यक्रमको संचालन सचिव नवराज तिवारीले गरेका थिए।

# सुध्रिएन बेनी–भकुण्डे सडकको अवस्था

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ जेठ**

म्याग्दीका बेनी नगरपालिकाको प्रवेशद्वारदेखि नगरपालिका-२ भकुण्डेचौरको वडा कार्यालयसम्म जोड्ने मोटरबाटोको ट्र्याक खुलेको १४ वर्ष भयो। विसं २०६५ मा ट्र्याक खुलेको सात किलोमिटर दूरीको यो सडक स्तरोन्नति नहुँदा यातायातका साधन सञ्चालन हुन सकेका छैनन्।

पर्यटकीयस्थल लभ्लीहिल कटेर खबराको उकालो सुरु भएपछि 'ग्रेड' नमिलेको हिलाम्ये सडकमा मोटरसाइकलसमेत चलाउन मुस्किल हुने स्थानीयको गुनासो छ। यो सडकमा न यातायातका साधन नै सञ्चालन भएका छन् न त सडकको स्तरोन्नतिमा नै कसैले चासो दिएको छ। यो सडक मर्मत गर्न अहिलेसम्म करिब रु एक करोड खर्च भइसकेको भए पनि सडकको अवस्था भने खराब हुँदै गइरहेको स्थानीयको गुनासो छ। यहाँ अहिलेसम्म ट्र्याक्टर, र मोटरसाइकलबाहेक ठूला सवार ।साधन सञ्चालन हुन सकेका छैनन्। स-साना सवारीसाधन पनि पानी नपर्दाको दिन र हिउँदका महिनामा मात्रै सञ्चालन हुने गरेको बेनी नगरपालिका २ ज्यामरुककोटका यामबहादुर थापाले बताउनुभयो।

"साना सवारीसाधन वर्षका चार महिनामात्र मुस्किलले सञ्चालन हुन्छन्, यो सडकबाट न कुनै बस गुडेको छ, न मालबाहक ठूलो ट्रक", थापाले भन्नुभयो, "मर्मत र स्तरोन्नतिका लागि एक करोडको हाराहारीमा नगरपालिका र प्रदेश सरकारले खर्च गरेपनि अलिअलि पानी पर्दा मोटरसाइकलसमेत गुडाउन सकिँदैन।" उक्त सडकखण्डको रोहोटे, कन्थराजथान क्षेत्र र सल्लेरीको तल्लो क्षेत्रमा पटक-पटक सडक मर्मतका लागि ठूलो रकम खर्च गरिए पनि उपभोक्ता समितिले सडकमा नाली निर्माण नगरी सामान्यरूपमा डोजर मात्र घुमाएर बजेट सक्ने प्रवृत्तिले गर्दा यातायातका साधन सञ्चालन हुन नसकेका स्थानीयवासीको भनाइ रहेको छ।

निवर्तमान वडाध्यक्ष हीराबहादुर थापाले कमजोर भू-बनोट, धेरै घुम्ती भएको र वन क्षेत्र रहेकाले बेनी-भकुण्डे मोटरबाटो जति मर्मत गरे पनि सुधार हुन नसकेको बताउनुभयो। सडकको स्तरोन्नतिलाई ठूलै बजेट आवश्यक पर्ने भएकाले नगरपालिकाबाट मात्रै सम्भव नभएकाले प्रदेश सरकारबाट बजेट माग गरी सडकलाई व्यवस्थित बनाउने प्रयास थालिने बेनी नगरपालिका-२ का नवनिर्वाचित वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो।

# लोमान्थाङमा 'तिजी'को रौनक

**रासस**
**मुस्ताङ, १४ जेठ**

मुस्ताङको लोमान्थाङमा शुक्रबारदेखि ऐतिहासिक र सांस्कृतिक महत्वको 'तिजी' पर्व मनाउन सुरु भएको छ।

लोमान्थाङ दरबारमा बौद्ध धर्मगुरु पदम्सम्वा रिम्पोचेको तस्बिर अङ्कित ठूलो आकारको थाङ्का प्रदर्शनी र धार्मिक विधिअनुसार पूजाआजा गरेर तिजी पर्व मनाउन थालेका हुन्। दुई तले घर बराबरको उचाइ भएको थाङ्का वर्षको एक दिन मात्र दरबारबाट बाहिर निकालेर सर्वसाधारणलाई पूजाआजा र अवलोकनका लागि खुला गरिन्छ। लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका दश वटा वडाका बासिन्दाले हरेक वर्षको ज्येष्ठ कृष्ण द्वादशी तिथीदेखि तीन दिन 'तिजी' पर्व मनाउने गर्दछन्। तिजी लोवा समुदायले मनाउने सबैभन्दा ठूलो र प्रख्यात पर्व भएको लोमान्थाङ गाउँपालिका-५ का वडासदस्य छेवाङ रिङजिङ गुरुङले बताउनुभयो। "दुई पालिकाका बासिन्दाका साथै तिजी पर्व मनाउन विदेशी पर्यटक पनि उल्लेख्य मात्रामा लोमान्थाङमा आएका छन्", उहाँले भन्नुभयो, "तीजी पर्व संस्कृति र परम्परा मात्र नभएर पर्यटक भित्र्याउने माध्यम पनि बनेको छ।" लोमान्थाङ दरबार र गाउँका पुजारी आम्ची घ्याचो विष्टले सम्पूर्ण प्राणीको हितका लागि तीन दिनसम्म पूजाआजा र विभिन्न पौराणिक तथा मौलिक नृत्य प्रदर्शन गरेर तिजी पर्व मनाउने गरिएको बताउनुभयो।

"प्राकृतिक प्रकोप, रोगव्याधी, महामारी, अनिकालजस्ता अनिष्ट नहोस् भन्ने कामना गरेर पूजाआजा गर्दछौँ", उहाँले भन्नुभयो, "पहिलो दिन जमिनका देवीदेवता, दोस्रो दिन समाजलाई दुःख दिने राक्षसको अन्त्य र तेस्रो दिन राक्षसलाई लखेटेको अभिनय लामाले नृत्यमार्फत देखाउने गर्छन्।" तिजीमा लामाहरूले देखाइने नृत्य विशेष आकर्षण हो। पोल्याण्डका दुई जना पर्यटक ल्याएर आएका हिमालयन वन्डर कम्पनीका पथप्रदर्शक कर्साङ शेर्पाले तिजी पर्व अवलोकनका लागि मात्र लोमान्थाङ आउने पर्यटक धेरै भएका बताउनुभयो।

लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्वु गुरुङले तिजी पर्व अवलोकनका लागि ३०० भन्दा बढी विदेशी पर्यटक आएका बताउनुभयो। स्वदेशी र विदेशी पर्यटकको बाक्लो उपस्थितिले लोमान्थाङमा रहेका ३५ वटा होटल भरिभराउ भएका छन्। यसअघिका दुई वर्षमा कोरोना भाइरसको महामारीका कारण पूजाआजा मात्र गरेर तिजी मनाएका थिए। पर्यटक आएका थिएनन्। नेपालका लागि अमेरिकी राजदूत र्‍यान्डी बेरीलगायत विशिष्ट पाहुनाले पनि तिजी पर्व अवलोकन गर्नुभएको गण्डकी प्रदेशसभा सदस्य इन्द्रधारा विष्टले बताउनुभयो।

माटोको पर्खालभित्र रहेको ७०० वर्ष पुरानो गुम्बा, दरबार, लोवा समुदायको संस्कृति र हिमाली जनजीवन लोमान्थाङको आकर्षण हो। उजाड पहाडको बीचमा समथर भूगोलमा रहेको लोमान्थाङका १३ औं पुस्ताका राजाले तिजी पर्व मनाउन सुरुआत गरेका थिए।

# मुस्ताङमा च्याङ्ग्राको भुवा सङ्कलन केन्द्र स्थापना

**रासस**
**मुस्ताङ, १४ जेठ**

मुस्ताङको लोमान्थाङ गाउँपालिका-५ मा पश्मिना बनाउने कच्चा पदार्थ च्याङ्ग्राको भुवा सङ्कलन केन्द्र स्थापना गरिएको छ । केन्द्रमा तीन हजार किलो भुवा भण्डारणसमेत गर्न सकिनेछ ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन परियोजना (एनएलएसआइपी) र नेपाल फाइवर प्रोसेसिङ उद्योग प्रालिको ५०/५० प्रतिशत लागत साझेदारीमा च्याङ्ग्राको शरीरमा उत्पादन हुने भुवा सङ्कलन गर्न भवन निर्माण भएको हो । कूल रु ३२ लाखमा निर्माण भएको तीन हजार किलोग्राम भुवा भण्डारण गर्न सकिने तामक्रमलाई सन्तुलित बनाउने तीन कोठे प्रिफेक प्रविधिको भवनको आज गण्डकी प्रदेशसभा सदस्य इन्द्रधारा विष्टले एक कार्यक्रमकाबीच उद्घाटन गर्नुभएको छ ।

कृषकले च्याङ्ग्राको शरीरबाट निकाल्ने भुवालाई सुरक्षित भण्डारण गरेर उद्योगसम्म पुर्‍याउने उद्देश्यले सङ्कलन केन्द्र निर्माण गरिएको कम्पनीका अध्यक्ष धनप्रसाद लामिछानेले बताउनुभयो । "मङ्गोलिया र चीनबाट ल्याइने भुवाको विकल्पमा नेपालकै भुवाबाट पस्मिना बनाउन काठमाडौँमा प्रशोधन उद्योग स्थापनाको तयारी गरेका



छौँ", उहाँले भन्नुभयो, "कृषकले उत्पादन गरेको भुवाको खरिद गर्न सङ्कलन केन्द्र बनाएका हौँ ।" यसअघि लोघेकर दामोदरकुण्ड गाउँपालिकाको चराङमा अस्थायी सङ्कलन केन्द्र स्थापना गरेर डोल्पाको गरी करिब रु एक करोड ५० लाख मूल्य बराबरको तीन हजार ५०० किलोग्राम भुवा खरिद गरिसकेको कम्पनीले जनाएको छ । कम्पनीका सञ्चालक तथा कार्यक्रम संयोजक भीमप्रसाद शेरचनले स्थानीय तहसँग समन्वय गरेर च्याङ्ग्रा तथा पश्मिना कृषक सङ्घ गठन गर्दै भुवा निकाल्ने आधुनिक काइयो वितरण र सीप सिकाउन ताजिकिस्तानबाट प्रशिक्षक ल्याएर कृषकहरुलाई तालिम दिइएको जानकारी दिनुभयो ।

कृषक छिरिङ वाङदी गुरुङ र आङगेल गुरुङले प्रबिधि, सीप र बजार अभावमा च्याङ्ग्राको शरिरबाट जंगलमा झरेर खेर गइरहेको भुवा सङ्कलन गरी कृषकहरुले लाभ लिने वातावरण बनेको बताउनुभयो । मुस्ताङ च्याङ्ग्रा तथा पश्मिना कृषक सङ्घका अध्यक्ष करन गुरुङले सीप, प्रविधि र बजार पाएपछि कृषकले भुवा सङ्कलन गर्न थालेका सुनाउनुभयो ।

सङ्कलन केन्द्रको भवन उद्घाटन गर्दै प्रदेश सांसद विष्टले स्वादिष्ट मासुका लागि प्रसिद्ध मुस्ताङको च्याङ्ग्राको भुवाबाट कृषकलाई अतिरिक्त लाभ हुने बताउनुभयो । लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसी नर्वु गुरुङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोप्साङ छोम्फाल विष्टले च्याङ्ग्राको सङ्ख्या बढाउन कृषकलाई ब्यवसायिक च्याङ्ग्रा पालनप्रति प्रोत्साहन गरिने बताउनुभयो । नेपाल लाइभस्टक सेक्टर परियोजनाका पशु चिकित्सक डा प्रकाश अधिकारीलेमासुरपश्मिनासम्बन्धी कार्यक्रमका लागि परियोजनाले रु २० करोड लगानी गरेको बताउनुभयो । नेपालबाट विदेश निर्यात हुने प्रमुख बस्तु पश्मिना बनाउन च्याङ्ग्राको भुवा प्रशोधन गरेर बनाएको धागो कच्चा पदार्थको रुपमा प्रयोग हुन्छ । नेपाल पश्मिना उद्योग सङ्घका अनुसार नेपालबाट वार्षिक रु तीन अर्बको पश्मिना निर्यात हुन्छ भने वार्षिक १९५ टन पश्मिना बनाउन आवश्यक पर्ने भुवाको धागो आयात हुन्छ । विदेशबाट कच्चा पदार्थ आयात घटाउन मुस्ताङ, मनाङ, डोल्पा, मुगु, हुम्लालगायत जिल्लाका कृषकबाट च्याङ्ग्राको भुवा खरिद गर्न थालिएको सङ्घका उपाध्यक्षसमेत रहेका लामिछानेले बताउनुभयो ।

६५ हजार च्याङ्ग्रा पालिएको मुस्ताङको मात्र भुवा प्रशोधन गर्न सकेमा ३० प्रतिशत भुवाको धागो आयात घटाउन सकिने सङ्घले जनाएको छ । वैशाख-जेठ महिना च्याङ्ग्राको शरीरबाट भुवा निकाल्ने याम हो । मासुका लागि प्रसिद्ध हिमाली च्याङ्ग्राको छाला र मल पनि बिक्री हुन्छ । मुस्ताङमा च्याङ्ग्रापालन र भुवा सङ्कलनलाई आधुनिक र व्यवस्थित बनाएर गुणस्तर बढाउन जोड दिइएको विश्व व्यापार सङ्गठनका परामर्शदाता सिचन श्रेष्ठले बताउनुभयो । यहाँका कृषकलाई च्याङ्ग्राको भुवा निकाल्ने करिब एक हजार आधुनिक काइयो वितरण गरिएको छ ।



लोमान्थाङमा पर्यटकको भिडः मुस्ताङको लोमान्थाङ दरबार परिसरमा तिजी पर्व अवलोकनका लागि आएका विदेशी र स्वदेशी पर्यटकको भीड । लोमान्थाङबासीले महत्वका साथ मनाउने शुक्रबारदेखि सुरु भएको तिजी पर्व अवलोकनका साथै उल्लेख्य मात्रामा पर्यटक आएका छन् । तस्बिरः सन्तोष गौतम/रासस

# पालिकाको नेतृत्वमा अधिकांश युवा

**पोखरापत्र संवाददाता**
**बागलुङ, १४ जेठ**

राजनीतिमा युवाको वितृष्णा देखिए पनि बागलुङमा धेरै युवाहरु सक्रिय राजनीतिमा छन् । उनीहरु राजनीतिबाटै हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा पालिकाको नेतृत्व तहसम्म पुगेका छन् ।

केही महिनाअघि सम्पन्न नेपाली कांग्रेस, नेकपा र नेकपा माओवादी केन्द्रको महाधिवेशनले पनि राजनीतिमा युवाको आकर्षण बढाएको र त्यसलगत्तै भर्खर सम्पन्न स्थानीय तहको निर्वाचनमा युवाहरु नै पालिकाको नेतृत्व तहमा पुगेका हुन् । स्थानीय तहको निर्वाचनमा बागलुङ जिल्लामा निर्वाचित धेरै युवामध्ये केही गाउँपालिका अध्यक्ष, उपाध्यक्ष तथा केही नगरपालिकाको प्रमुख र उप्रमुखमा निर्वाचित भएका छन् । केही भने वडाध्यक्ष र वडा सदस्यमा पनि निर्वाचित भएका छन् ।

बागलुङमा सबैभन्दा कम उमेरमा पालिकाको नेतृत्व तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढामगरले गर्नुभएको छ । उहाँ लोकप्रिय भएपछि पुनः पालिकाको नेतृत्वमा दोहोरिनुभएको हो । यसभन्दा अगाडि पनि अध्यक्ष बनेर पालिकाको नेतृत्व सम्भाल्नुभएका बुढामगर अहिले ३५ वर्ष पुग्नुभयो । यसभन्दा अगाडिको निर्वाचनमा निर्वाचित बुढामगरले युवा जोस र जागरका साथ विकट तमानखोलालाई विकासको गतिमा अगाडि बढाउँदै आउनुभएको थियो ।

पालिका उपप्रमुखमध्ये सबैभन्दा कान्छो उपप्रमुख ढोरपाटन नगरपालिकाका नवनिर्वाचित उपप्रमुख धनबहादुर कायत (कल्याण) हुनुहुन्छ । उहाँ ३३ वर्षमै नगरउपप्रमुख हुनुभएको हो । केही महिना अगाडि भएको नेपाली कांग्रेसको १४औँ महाधिवेशनबाट ढोरपाटन नगरपालिकाको सभापतिमा निर्वाचित कायत विद्यार्थी कालदेखिनै राजनीतिमा होमिनुभएको थियो । उहाँ पहिचान विहीन समुदायको पहिलो पालिका नेतृत्वमा पुग्ने युवा हो । चालिस वर्ष मुनिका पालिका प्रमुख तथा उपप्रमुख बागलुङमा धेरै नै छन् । बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्मा पनि युवा नेतृत्वमै पर्नुहुन्छ । यसभन्दा अगाडि पनि गाउँपालिकाको अध्यक्ष भएर नेतृत्व गर्नुभएका उहाँ अहिले ३८ वर्षको हुनुभयो । शर्मा पनि बरेङ गाउँपालिकाको विकासमा निरन्तर लाग्नुभएका कारण पालिका नेतृत्वमा दोहोरिनुभएको हो । जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्मा, बडिगाड गाउँपालिकाका उपप्रमुख भिमशेन वन र तमानखोला गाउँपालिकाकी उपाध्यक्ष हिराकुमारी छन्त्याल पनि युवा हुनुहुन्छ । उहाँहरु ३८ वर्ष पुग्नुभएको छ । जिल्लाकै एक मात्र महिला पालिका प्रमुखमा निर्वाचित हुनुभएका बडिगाड गाउँपालिका अध्यक्ष गण्डकी थापा अधिकारी ४१ वर्षको हुनुहुन्छ । उहाँ यसअघिको निर्वाचनमा पराजित हुनुभएको थियो । बागलुङ नगरपालिकाको उपप्रमुखमा निर्वाचित राजु खड्का पनि युवा नै हुनुहुन्छ । पालिका प्रमुख मात्रै हैन ८५ वटा वडा रहेका बागलुङमा अधिकांश वडाध्यक्ष युवा नै निर्वाचित भएका छन् । गलकोट नगरपालिका-५ का वडाध्यक्ष पवन हमाल जिल्लामै सबैभन्दा कान्छो वडाध्यक्षमा पर्नुहुन्छ । उहाँ २७ को उमेरमा वडाध्यक्षमा निर्वाचित हुनुभएको हो । जिल्लामा ३० वर्षभन्दा माथि र ४० वर्ष मुनिका जनप्रतिनिधि धेरै छन् । तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा मगरले बुढापाको अनुभव र सुझावलाई आत्मसाथ गर्न सके विकास गर्न सकिने अनभुव सुनाउनुहुन्छ । अघिल्लो कार्यकालमा बुढापाका र पूर्वजनप्रतिनिधिहरुको सल्लाह सुझाव र समन्वयमा विकासका गतिविधिलाई चुस्त बनाइएको र यो कार्यकालमा पनि त्यसरी नै अगाडि बढ्ने अध्यक्ष बढामगर बताउनुहुन्छ । युवा जोसले समाज रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने र उनीहरुमा नयाँ र पृथक योजना हुने उहाँको भनाइ छ । बरेङ गाउँपालिकाका अध्यक्ष कृष्णप्रसाद शर्मा पनि पाका पुस्ताको प्रेरणाबाट युवाले परिवर्तन ल्याउन सक्ने बताउँदै बुढापाकामा धेरै ज्ञान हुने र उनीहरुबाट सिकेका कुरा व्यवहारमा लागू गर्न सके समाज रुपमान्तरमा टेवा मिल्ने बताउनुहुन्छ । यस अगाडिको कार्यकालमा उनीहरुसँग सुझाव लिएर विकास निर्माणमा जुटेकाका कारण आफू सफलतातर्फ अगाडी बढेको उहाँको भनाइ छ ।

# दुई दृष्टिविहीनलाई आर्थिक सहयोग

**पोखरापत्र संवाददाता**
**गलकोट, १४ जेठ**

एकै परिवारका दुई दृष्टिविहीन युवालाई आर्थिक सहयोग गरिएको छ । रोजगारीको लागि आएल्यान्ड गएका बागलुङका व्यक्तिहरुले बागलुङ नगरपालिका-६ स्थित लङ्गाउका दुई युवालाई आर्थिक सहयोग गरेका हुन् ।

युवा अवस्थामा आँखा गुमाएका ४२ वर्षीय खीमबहादुर थापा र ३४ वर्षीय अम्बरबहादुर थापालाई हाल आएल्यान्डमा रहेका अशोक मगर 'प्रेम' को पहलमा सङ्कलन भएको रु ९० हजार ८२१ सहयोग हस्तान्तरण गरिएको छ । बागलुङ समाज आल्यारण्डमा आबद्ध व्यक्ति र रोजगारीका लागि सोही स्थानमा रहेको जिल्लावासीबाट रकम सङ्कलन गरिएको थियो । आर्थिक अवस्था कमजोर रहेका ती दृष्टिविहिनलाई सानी आमा र बुवाले हेरचाह गर्दै आएका छन् । चौध जनाको परिवार भएको र अर्थोपार्जन न्यून भएकाले उनीहरुलाई रेखदेख गर्न समस्या हुँदै आएको छ । बिहानदेखि बुलेकासम्म उनीहरुको रेखदेख, स्यारसुसार गर्नमै समय लाग्ने भएको र एक जनाको कमाइबाट मात्र ठूलो परिवारको पालनपोषण गर्नुपर्ने बाध्यता भएको सानी आमा डिलकुमारी थापाले बताउनुभयो । बाइस वर्षको उमेरदेखि दुवैले आँखाको ज्योति गुमाएका थिए । रकम हस्तान्तरण गर्दै नेत्र ज्योति सङ्घका जिल्लाअध्यक्ष भरत पुरीले युवा अवस्थामा दृष्टिविहीन भए पनि परिवारसगै विदेशमा रहेका नेपालीको सहयोगबाट जीवनयापनमा केही सहज भएको बताउनुभयो ।

# स्थानीय तह निर्वाचन : ३८५ स्वतन्त्र उम्मेदवार निर्वाचित

**रासस**
**काठमाडौँ, १४ जेठ**

स्थानीय तहको निर्वाचनमा हालसम्म ३८५ जना स्वतन्त्र उम्मेदवार निर्वाचित भएका छन् । निर्वाचन आयोगका अनुसार स्थानीय तहको निर्वाचनमा २४ राजनीतिक दल सहभागी हुँदा स्वतन्त्र उम्मेदवार २६६ पुरुष र ११९ महिला निर्वाचित भएका हुन् ।

निर्वाचन आयोगका अनुसार स्वतन्त्र उम्मेदवारमध्ये नगरपालिका प्रमुखमा सात र गाउँपालिका अध्यक्षमा छ जना निर्वाचित हुनुभएको छ । काठमाडौँ महानगरपालिकासहित धरान उपमहानगरपालिका, धनगढी उपमहानगरपालिका र जनकपुर उपमहानगरको प्रमुख पदमा स्वतन्त्र उम्मेदवार निर्वाचित हुनुभएको छ ।

काठमाडौँ महानगरमा स्वतन्त्र उम्मेदवार बालेन्द्र साहले ६१ हजार ७६७ मत प्राप्त गरी निर्वाचित हुनुभएको छ । काठमाडौँमा पहिलो पटक स्वतन्त्र उम्मेदवार निर्वाचित हुनुभएको हो ।

जनकपुरमा स्वतन्त्र उम्मेदवार मनोजकुमार साहसुडीले १३ हजार ४६५, धरान उपमहानगरमा हर्कराज राईले २० हजार ८२१, धनगढी उपमहानगरमा गोपाल हमालले २६ हजार ८६५ मतसहित प्रमुखमा विजयी हुनुभएको छ ।

स्वतन्त्र उम्मेदवार उपप्रमुख दुई र उपाध्यक्ष दुई निर्वाचित हुनुभएको हो । स्वतन्त्र वडाध्यक्ष १३६ निर्वाचित हुनुभएको छ । तीमध्ये १३३ पुरुष र तीन महिला हुनुहुन्छ । महिला सदस्यमा ६०, दलित महिला सदस्य ५५, पुरुष सदस्य ११७ निर्वाचित हुनुभएको छ ।

# नेपालमा पनि 'एक्जिट पोल' को अभ्यास

**रासस**
**काठमाडौँ, १४ जेठ**

नेपालमा पनि निर्वाचन केन्द्रित मत सर्वेक्षणअन्तर्गत ' एक्जिट पोल' को अभ्यास गरेको पाइएको छ । स्थानीय तहको निर्वाचनमा विभिन्न सङ्घसंस्था तथा सञ्चार गृह आफैँले एक्जिट पोलको अभ्यास गरेको पाइएको छ ।

काठमाडौँ, भरतपुर, पोखरामहानगरलगायत ठूला सहरमा एक्जिट पोल गरेर निर्वाचनकै साँझ नजिता प्रकाशन गरिएको थियो । विभिन्न देशमा निर्वाचनका क्रममा अभ्यास गर्ने गरिएको एक्जिट पोल नेपालमा पनि स्थानीय तहको निर्वाचनमा गरिएको छ । मिडिया आउटलेटका प्रबन्ध निर्देशक अरुण लम्साल नेपालमा पनि एक्जिट पोल तथा पब्लिक ओपिनियनको अभ्यास हुन थालेको बताउनुहुन्छ । "नेपालमा पनि निर्वाचनको एक्जिट पोलको अभ्यास भएको छ", उहाँले भन्नुभयो, "यो राम्रो पक्ष हो । प्रायःजसो एक्जिट पोलअनुसार नतिजा मिलेको पाइएको छ ।"

मिडिया आउटलेटले पनि इलेक्सन क्याम्पेनिङ, पब्लिक ओपिनियन, अनुसन्धान एवं पार्टीको नीति र नेतालाई ट्र्याकिङ गरेको थियो । उहाँका अनुसार यसपटकको स्थानीय तहको निर्वाचनमा मिडिया आउटलेटले भरतपुर महानगरको एक्जिट पोल गरेको थियो । मिडिया आउटलेटले भरतपुरमा मतदान केन्द्रमा मतदान गरिसकेका मतदातालाई मतदान केन्द्रभन्दा ५०० मिटर टाढा पुनःमतदान गर्न लगाएको थियो । सोही मतदान गरेका आधारमा मिडिया आउटलेटले भरतपुरको मतपरिमाण प्रक्षेपण गरेको थियो । मिडिया आउटलेटले गत वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको साँझ नै महागरको एक्जिट पोल सार्वजनिक गरेको थियो । "एक्जिट पोल र निर्वाचन आयोगको मतपरिमाण करिब करिब मिलेको छ", लम्साल भन्नुहुन्छ, "हामीले १० मतदान केन्द्रमा गई ७५७ जनालाई समेटेर एक्जिट पोल गरेका थियौँ ।" एक्जिट पोलअनुसार भरतपुर महानगरका प्रमुख पदकी उम्मेदवार रेणु दाहालले ४१.०८ प्रतिशत मत ल्याउनुभएको थियो । निर्वाचन आयोगका अनुसार दाहालले ४०.६९ प्रतिशत अर्थात् ५२ हजार २८ मत पाएर निर्वाचित हुनुभयो । एक्जिट पोलमा एमालेतर्फका प्रमुख पदका उम्मेदवार विजय सुवेदीले ३४.६१ प्रतिशत मत पाउने प्रक्षेपण गरिएको थियो । आयोगले सार्वजनिक गरेको मतपरिणाममा सुवेदीले ३०.९६ प्रतिशत अर्थात् ३९ हजार ५८२ मत ल्याउनुभएको थियो । त्यस्तै स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले १२.५४ प्रतिशत मत पाउने मिडिया आउटलेटको प्रक्षेपण थियो । आयोगको नजिता आउँदा पौडेलले ११.५२ प्रतिशत अर्थात् १४ हजार ७२८ मत पाउनुभएको थियो ।

# पर्यटकीय पूर्वाधार निर्माणपछि दुरुलेकमा पर्यटक आगमनमा वृद्धि

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १४ जेठ**

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-२ रुमस्थित पर्यटकीयस्थल दुरुलेकमा पर्यटकीय पूर्वाधार निर्माणपछि आन्तरिक पर्यटकको आगमनमा वृद्धि भएको छ ।

गण्डकी प्रदेश सरकार र मालिका गाउँपालिकाको गरी करिब रु ३० लाखको लागतमा पदमार्ग, सत्तल, मन्दिरलगायत पर्यटकीय पूर्वाधार निर्माण भएपछि दुरुलेक पर्यटकीय गन्तव्य बनेको हो । बागलुङ र म्याग्दीका आन्तरिक पर्यटक यस क्षेत्रको भ्रमणमा आउन थालेका हुन् । गण्डकी प्रदेश सरकारको थप रु १० लाख बजेटबाट पर्यटक बस्ने घर निर्माण गरिएपछि बाह्य पर्यटकको आगमन पनि बढ्न थालेको छ । समुन्द्री सतहदेखि तीन हजार ४८४ मिटर उचाइमा अवस्थित दुरुलेखमा हिमशृङ्खला र ग्रामीण भूगोलको अवलोकनका लागि यहाँ पर्यटक पुग्ने गर्छन् । प्राकृतिक, जैविक, ऐतिहासिक र धार्मिकस्थलका रुपमा दुरुलेक महत्वपूर्ण रहेको स्थानीय श्याम पुन बताउनुहुन्छ ।

दुरुलेकमा लालीगुरासँको घनाजङ्गल, दर्जनौँ हिमालको दृष्य तथा म्याग्दी बागलुङलगायत जिल्लाका ग्रामीण बस्तीका डाडाँकाडा हेरेर रमाउन पर्यटक आउने गरेका छन् । धौलागिरि, अन्नपूर्ण, निलगिरिलगायत हिमाल नजिकबाट देख्न पाइन्छ । प्राकृतिक दृष्यसँग रमाउन आउने पर्यटकलाई दुरुलेकदेखि झण्डी डिलसम्म पुग्ने पदमार्ग र चौतारी निर्माणले सहज भएको छ । पर्यटकलाई मट्ठा चढाउने भीरले पनि थप आकर्षित गरेको छ । वसन्त ऋतुसँगै लालीगुराँस फुल्ने हुँदा पर्यटक दुरुलेक पुग्छन् । पर्यटकको बसाइ लम्ब्याउन पूर्वाधार निर्माणमा जोड दिन स्थानीय सरकारले गुरुयोजना निर्माण गर्नुपर्ने स्थानीयवासी नरबहादुर पुन बताउनुहुन्छ ।

सदरमुकामदेखि मालिका गाउँपालिकाको केन्द्र दरवाङ हुँदै अधिभारा, फूलबारी, डाडाँगाउँ, निस्कोट, रुम जैम, घाङ्लेपानीसम्म सवारीसाधनमा यहाँ पुग्न सकिन्छ । घाङ्लेपानीबाट करिब पाँच घण्टामा लालीगुरासँको घनाजङ्गल हुँदै गाईभैँसी र भेडाबाख्राका गोठ, वन्यजन्तुको अवलोकन र आवाज सुन्दै पदयात्रामार्फत दुरुलेकमा पर्यटक पुग्छन् । "गुरासे जङ्गलले राताम्मे वन र मनोरम हिमशृङ्खलाले पर्यटकलाई लोभ्याउने गरेको छ", मालिका गाउँपालिकाका निवर्तमान उपाध्यक्ष खरमाया बिटालुले भन्नुभयो । यहाँ गाईभैँसी र भेडाबाख्राका लागि गोठको व्यवस्था गरिएको छ ।